"समृद्ध गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका
# Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०७८/७९
चलानी नं. /Dispatch No.:-  मिति/ **Date:**२०७८/०६/०१

## आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०७८/०६/०१)**

बागमती प्रदेश सरकारबाट हस्तान्तरित सर्शत अनुदानको कार्यक्रम अन्तर्गत आमाबाबु विहिन बालबालिका संरक्षणका लागि आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका देहायका योग्यता पुगेका बालबालिकालाई मासिक भत्ता वितरणका लागि सम्बन्धित वडा कार्यालयमा गई असोज ८ गते भित्र रीतपुर्वक निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता

१) आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको,
२) १८ बर्ष उमेर नपुगेको,
३) ५ बर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस,
४) कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको,

### आवेदनको साथ आवश्यक कागजातहरु :

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिलपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
२) बाबु र आमा दुवैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात
३) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा अनिवार्य)
४) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Gmail:gs.dolakha@gmail.com  website:Gaurishankarmun.gov.np  Phone: 049691351

"समृद्ध गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, २०७३

पत्र संख्या/ Ref. No. :- ०७८/७९
चलानी नं. /Dispatch No.:- मिति/ Date:२०७८/०६/०१

### आवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति :

गौरीशंकर गाउँपालिका

सुरी, दोलखा ।

विषय : आवेदन दिईएको ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०७८/०६/०१ मा प्रकाशित सुचना अनुसार आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका बालबालिका लाई मासिक भत्ता उपलब्ध गराउने बुझिएकाले तपसिलको नाम नामेसी भएका बालबालिकालाई उक्त भत्ता उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु। साथै आवश्यक कागजातहरु समेत यसै निवेदका साथ संलग्न गरेको छु।

**तपशिल**

बालबालिकाको नाम :

बाबुको नाम :

आमाको नाम :

स्थायी ठेगाना :

जन्ममिति : संरक्षकको नाम :

सम्पर्क नम्वर :

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Gmail:gs.dolakha@gmail.com website:Gaurishankarmun.gov.np Phone: 049691351

"समृद्ध गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका
# Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा।, Suri, Dolakha.

बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०७८/७९

चलानी नं. /Dispatch No.:- 922 मिति/ **Date:**२०७८/०६/०१

विषय : आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धमा।

श्री वडा कार्यालय (सबै)

गौरीशंकर गाउँपालिका।

बागमती प्रदेश सरकारबाट हस्तान्तरित सर्शत अनुदानको कार्यक्रम अन्तर्गत आमाबाबु विहिन बालबालिका संरक्षणका लागि आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका देहायका योग्यता पुगेका बालबालिकालाई मासिक भत्ता वितरणका लागि यस कार्यालयबाट मिति २०७८/०६/०१ मा सुचना प्रकाशित भई असोज ८ गते सम्म वडा कार्यालयमा आवेदन माग गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त निवेदन संकलन कार्यमा सहजिकरण गरी असोज १३ गतेभित्र यस गाउँपालिकाको कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ।

.............................

(बाल कुमार श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत